
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ३ गते बिहीबार ❑ 18 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखराको राजस्व संकलन सात प्रतिशतले वृद्धि

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

आन्तरिक राजस्व कार्यालय पोखराको अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०८०/८१ मा राजस्व संकलन सात प्रतिशतले वृद्धि भएको छ।

विशेषगरी गत वर्ष यहाँको पर्यटकीय क्षेत्र चलायमान हुँदा यसको प्रभाव राजस्व वृद्धिमा देखिएको हो । गत आवमा रु पाँच अर्ब ५७ करोड ५५ लाख राजस्व सङ्कलन गरेको कार्यालयले जनाएको छ।

कार्यालयले गत वर्ष रु छ अर्ब ३९ करोड ४७ लाख राजस्व उठाउने लक्ष्य राखेकामा लक्ष्यको ८७ दशमलव १९ प्रतिशत प्रगति भएको कार्यालय प्रमुख एवं प्रमुख कर अधिकृत शिव शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयको अघिल्लो वर्षको तुलनामा सात प्रतिशतले राजस्व वृद्धि भएको छ।

कार्यालयले आव २०७९/८० मा रु पाँच अर्ब २२ करोड ६० लाख राजस्व उठाएको थियो । अघिल्लो वर्षको तुलनामा गत वर्ष रु ३४ करोड ९५ लाख बढी राजस्व सङ्कलन गरिएको कार्यालयले जनाएको छ । आन्तरिक राजस्व कार्यालय पोखराले गत आवमा आयकरतर्फ रु तीन अर्ब ६६ करोड ८७ लाख, मूल्यअभिवृद्धि कर(भ्याट)बाट रु एक अर्ब ७३ करोड ३६ लाख र अन्तःशुल्कतर्फ रु १६ करोड ६७ लाख आम्दानी गरेको थियो। कार्यालय प्रमुख शर्माले राजस्व सङ्कलनको लक्ष्य पूरा नभए पनि अघिल्लो वर्षको तुलनामा वृद्धि हुनु सकारात्मक भएको बताउनुभयो । अर्थतन्त्र चलायमान नभइरहेको अवस्थामा राजस्व वृद्धि हुनु राम्रो भएको उहाँले बताउनुभयो। "पोखरामा राजस्व वृद्धिमा पर्यटन क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ। पर्यटन चलायमान बनेकाले सहयोग पुग्यो", कार्यालय प्रमुख शर्माले भन्नुभयो, "हामीले यस वर्ष पुरानो बक्यौता उठाउन बढी केन्द्रित भएर काम गरेका थियौँ, त्यसले गर्दा राजस्व बढ्यो ।" आन्तरिक राजस्व कार्यालय पोखरामा ६० हजार व्यावसायिक करदाता छन् । त्यसैगरी व्यक्तिगत प्यान लिनेको सङ्ख्या एक लाख ५० हजार र मूल्यअभिवृद्धि करमा दर्ता भएका करदाता १२ हजार हाराहारीमा रहेको कार्यालयले जनाएको छ।

## गण्डकी विश्वविद्यालयले गर्यो "एमआइटी एआई" विषय सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन



गण्डकी विश्वविद्यालयमा एमआइटी एआई कार्यक्रम सार्वजनिक भएको छ। बुधबार एक कार्यक्रमको आयोजना गर्दै विश्वविद्यालयले मास्टर अफ इन्फर्मेसन टेक्नोलोजी आर्टिफिसियल इन्ट्लीजेन्स कार्यक्रमको सार्वजनिक गरेको हो। अब सो सम्बन्धि अध्ययन गर्न इच्छुक विद्यार्थीले उक्त अवसर गण्डकी विश्वविद्यालयमा पाउनेछन् । सेप्टेम्बर महिनाबाट एमआइटी एआईको कक्षा सुरु हुने जानकारी गराइएको छ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि समेत रहेका गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले एमआइटी एआई विषय समय सान्दर्भिक भएको बताए । प्राविधिक शिक्षा आजको आवश्यक्ता रहेको भन्दै उनले बजारले खोजेको शिक्षा उपलब्ध गराउन विश्वविद्यालयलाई निर्देशन दिएका छन् । "प्रविधि मैत्री शिक्षा आजको आवश्यक्ता हो । बजारले खोजेको जस्तो शिक्षित जनशक्ति उत्पादनमा जोड गरौं।", उनले भने। मन्त्री थापाले रोजगारीका लागि विदेश जाने बाध्यात्मक परिस्थितिको अन्त्य गर्न यस्ता कार्यक्रम सहायक सिद्ध हुने विश्वास लिएका छन्। एमआइटी एआई कार्यक्रमको सार्वजनिकिकरण सङ्गै प्रचारप्रसारको समेत आवश्यक्ता रहेको भनाई उनको छ । विश्वविद्यालयलाई समन्वयात्मक हिसाबले अगाडी बढाउनुपर्ने विषय उनले उठाएका छन् । गुणस्तरीय शिक्षालाई आत्मसात् गर्दै शैक्षिक आयाम र आयतनमा बढाउन प्रदेश सरकार प्रतिबद्ध रहेको भनाई मन्त्री थापाको छ।

विश्वविद्यालयका डीन कपील अधिकारीले एमआईटी एआईको आवश्यक्ता ठानेर नै कार्यक्रम सार्वजनिक गरिएको उल्लेख गरे । उनले विश्वविद्यालयले प्राविधिक विषयलाई प्राथमिकतामा राखेको बताए । एआईको अध्ययन गर्ने विद्यार्थी पछाडी नपर्ने भनाई उनको छ। नेपालको अर्थतन्त्र सुधारमा एआईको भूमिका महत्वपूर्ण रहेको उनले बताए। सरकारी तथा गैरसरकारी क्षेत्रमा एआईको प्रयोगलाई बढाउने उदेश्य सहित विश्वविद्यालयले एमआईटी एआई कार्यक्रम सार्वजनिक गरेको भनाई उनको छ। आइटीमा जति धेरै उत्पादन गरिएता पनि खपत हुने उनले बताए । रजिस्ट्रार कैलाश तिमिल्सिनाले २०७६ सालबाट संचालनमा आएको गण्डकी विश्वविद्यालयले छोटो समयमा नै फड्को मारेको जानकारी गराए। पोखरा ३२ मा आफ्नै संरचना खडा गरि आइटी र फार्मेसीको क्षेत्रमा अध्ययन अध्यापन गराउदै आएको उनले बताए। विश्वविद्यालयले आविस्कार केन्द्रको समेत स्थापना गरेको छ । गण्डकी विश्वविद्यालयमा ५२ जिल्लाका विद्यार्थीको आबद्धता रहेको उनले उल्लेख गरे। कुलपति गणेशमान गुरुङले आइटी पार्कलाई समेत अगाडि बढाउनुपर्नेआवश्यक्तालाईऔंल्याएका छन्। विश्वविद्यालयका बारेमा बेलाबखत आएका नकारात्मक समाचार बेतुकको भएको भनाई उनको छ। ५७६ रोपनी जग्गा विश्वविद्यालयको नाममा प्राप्त भएको उनले जानकारी गराए। विश्वविद्यालयले प्राप्त गर्ने अनुदानमा उदार हुन प्रदेश सरकारलाई उनको आग्रह छ।

## चैते धान खेती गर्ने कृषकलाई अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन



चैते धान खेतीमा कृषक आकर्षित गर्ने उद्देश्यले पोखरा महानगरपालिकाले रु आठ लाख अनुदान सहयोग उपलब्ध गराएको छ।

महानगरपालिकाले वडा नं १४, १५, २६ र २७ मा चैते धान प्रोत्साहन कार्यक्रमअन्तर्गत कृषकलाई प्रतिरोपनी रु नौ सयका दरले अनुदान उपलब्ध गराएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार महानगरपालिकाको वडा नं १४ र १५ मा एक सय रोपनी क्षेत्रफलमा चैते धान गरेबापत् रु ९० हजार उपलब्ध गराइएको छ। त्यस्तै वडा नं २६ र २७ मा दुई सय २६ कृषकलाई छ लाख ८१ हजार तीन सय अनुदान उपलब्ध गराइएको छ । उक्त स्थानमा महानगरपालिकाले ५० प्रतिशत अनुदानमा चैते-५ जातको धानको बीउ उपलब्ध गराएको थियो । महानगरपालिकाले आर्थिक वर्ष २०८०र०८१ को कार्यक्रमअन्तर्गत महानगरभित्र कृषि क्षेत्रमा सकृय १५ संघसंस्थालाई रु पाँचरपाँच हजार नगदसहित सम्मान गरेको छ। अनुदान रकम हस्तान्तरण एवं कृषक सम्मान कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कृषि उत्पादनलाई जोड दिँदै महानगरपालिकाले तरकारी, फलफूल र पशुपालनमा सहयोग गर्दै आएको बताउनुभयो । कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्न उत्पादनलाई जोड दिनुपर्ने उहाँको भनाइ छ।

## प्रधानमन्त्रीले साउन ६ गते विश्वासको मत लिने

**रासस**
काठमाडौं १ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले यही साउन ६ गते आइतबार प्रतिनिधिसभाबाट विश्वासको मत लिनेहुनु भएको छ।

प्रधानमन्त्री ओलीले सङ्घीय संसद्, प्रतिनिधिसभाबाट उक्त दिन विश्वासको मत लिनुहुने तय भएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मुख्य सचेतक महेशकुमार बर्तौलाले जानकारी दिनुभयो । नेपालको संविधानको धारा ७६ (२) अनुसार नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा एमाले संसदीय दलका नेता ओली चौँथो पटक प्रधानमन्त्री हुनुभएको हो।

## पुराना मुद्दाको सङ्ख्या घटाउँदै म्याग्दी अदालत

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ साउन

म्याग्दी जिल्ला अदालतले पुराना मुद्दाको सङ्ख्या घटाउँदै लगेको छ। दर्ता भएको एक वर्षभित्र नै मुद्दाको फैसला गर्ने कार्ययोजना बनाएको अदालतले महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित मुद्दाको निरन्तर सुनुवाइ गरिएको अदालतका श्रेष्तेदार भोलाराज रेग्मीले जानकारी दिनुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ मा एक वर्ष नाघेका मुद्दाको सङ्ख्या १२ वटामा झारिएको छ। "आव २०८०/८१ मा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका एक सय ३२ र नयाँ चार सय ६१ सहित पाँच सय ९२ मुद्दा रहेका थिए", उहाँले भन्नुभयो "गत वर्ष लक्ष्य भन्दा एक सय २५ दशमलव ७९ प्रतिशत बढी मुद्दा फस्यौट गर्दा पनि एक सय १० वटा मुद्दा यो आवका लागि जिम्मेवारी सरेका छन्।" अघिल्लो आर्थिक वर्षमा दुई वर्ष पुराना मुद्दा पनि रहेकामा यसपालि फैसला हुन बाँकी मुद्दा १२ देखि १८ महिना अवधिका रहेका श्रेष्तेदार रेग्मीले बताउनुभयो । वादी र प्रतिवादी पक्ष तोकिएको समयमा सुनुवाइमा उपस्थिति नहुनु, प्रक्रिया र अङ्ग नपुग्नु आदि कारण एक वर्ष पुराना मुद्दा बाँकी नराख्ने लक्ष्य सफल नभएको उहाँले सुनाउनुभयो । गत वर्ष म्याग्दी अदालतमा पाँच सय ८९ मुद्दा दर्ता हुने अनुमान गरिएकोमा पाँच सय ९४ वटा दर्ता भएका थिए। अदालतले तीन सय ८४ मुद्दा फर्छ्यौट गर्ने लक्ष्य राखेकामा चार सय ८३ फैसला गरेको छ। ३६ वटा मुद्दाको निरन्तर सुनुवाइ गरिएकोमा २३ मुद्दा फर्छ्यौट र १३ बाँकी रहेका छन् । अदालतले मुद्दालाई सरल, सामान्य र विशेष समूहमा विभाजन गरेर सुनुवाइ गर्ने अभ्यास गरेको श्रेष्तेदार रेग्मीले जानकारी दिनुभयो । हाल विचाराधीन १६ मुद्दासँग सम्बन्धित २४ जना पुरुष र छ बालबालिका गरी ३० जना थुनामा रहेका छन्। यसैगरी गत आवमा अदालतको फैसलाबाट तीन महिला र ५९ पुरुषसहित ६२ जना कैदका लागि कारागार चलान भएका छन् । जरिवाना नतिरेवापत जेल चलान हुने चार जना छन्। यस्तै गत वर्ष जिम्मेवारी सरेर आएका आठ र २६ नयाँ मुद्दामा दोषी ठहर भएकाबाट एक सय १६ वर्ष पाँच महिला २७ दिन कैद र रु ९९ लाख ४७ हजार पाँच सय १८ जरिवाना असुल उपर भएको छ । कार्यान्वयनका लागि निवेदन परेका ३९ मुद्दामा छ सय १३ वर्ष सात महिना २४ दिन कैद र रु तीन करोड ९८ लाख ७१ हजार ६११ जरिवाना असुल उपर गर्न बाँकी छ।

**डेंगीबाट कसरी बच्ने ?**

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले :**

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समय समयमा सफा गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा बहुमुखी क्याम्पसमा युनाइटेड क्लव पोखराद्वारा छात्रवृत्ति अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

युनाइटेड क्लब पोखराले पोखरा बहुमुखी क्याम्पसमा छात्रवृत्ति अक्षयकोष स्थापना गरेको छ । क्लबले क्याम्पसमा अध्ययनरत जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई लक्षित गरी एक लाखको अक्षयकोष स्थापना गरेको हो ।

अक्षयकोषका लागि क्लवका अध्यक्ष राजु श्रेष्ठ, क्लवका शिक्षा उपसमिति संयोजक गणेश तिमिल्सिना लगायतले पोखरा बहुमुखी क्याम्पस सञ्चालक समिति अध्यक्ष नरेन्द्र लालचन, क्याम्पस प्रमुख सिशुकला पराजुली, क्याम्पस आइ क्यू ए सी प्रमुख महेन्द्र प्रसाद रिमाललाई चेक हस्तान्तरण गरिएको हो । सो अवसरमा वोल्दै पोखरा बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष नरेन्द्र लालचनले युनाइटेड क्लबले जेहेन्दार विद्यार्थीहरु अध्ययन गर्ने पोखरा बहुमुखी क्याम्पसमा आएर अक्षयकोष स्थापना गरेकोमा धन्यवाद ब्यक्त गरे । युनाइटेड क्लबको सहयोगले क्याम्पसमा अध्ययनरत जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई कालान्तर सम्म शिक्षामा सहयोग पुग्ने उनको भनाइ रहेको थियो । युनाइटेड क्लवले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटनको क्षेत्रमा पुऱ्याएको




योगदानको कदर गर्दै आफ्नो क्याम्पसमा दिउसोको समयमा विभिन्न ठाउँमा जागिर गर्दै बिहानको समयमा विद्यार्थीहरु अध्ययन गर्ने गरेको बताउदै युनाइटेड क्लव पोखराको सहयोगले उनीहरुको शिक्षामा थप उर्जा मिलेको समेत लालचनले वताए । त्यस्तै क्याम्पसका प्रमुख सिशुकला पराजुलीले शिक्षाबाट बञ्चित भएका जो कोही बिद्यार्थीलाई शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना गरेको पोखरा बहुमुखी क्याम्पसको अभियानमा जोडिन पुगेकोमा युनाइटेड क्लव परिवार प्रति आभार प्रकट गरिन । युनाइटेड क्लबले युवाको जाँगर राष्ट्र निर्माणको आधार भन्ने मुल अभिप्रायका साथ अगाडी बढेकाले त्यसको सिको गर्न समेत बिद्यार्थीहरुलाई पराजुलीले आग्रह गरिन । क्याम्पस आइ क्यू ए सी प्रमुख महेन्द्र प्रसाद रिमालले युनाइटेड क्लवले देशभरिमा सामाजिक काम गर्दै आइरहदा पोखरा बहुमुखी क्याम्पसको शैक्षिक बिकासको लागि अक्षयकोष स्थापना गरेकोमा आभार प्रकट गरे । अक्षयकोषले विद्यार्थीहरुले विउको रुपमा लिनुपर्ने वताउदै पोखरा महोत्सवमा टिकट काटेर सहभागी भएकाहरुलाई सो रकम फिर्ता अभियानका रुपमा आफुले लिएको बताए। आगामी मंसिर १६ गते क्याम्पसको वार्षिकोत्सवको अवसरमा अक्षयकोषबाट जेहेन्दार तथा विपन्न परिवारका विद्यार्थीहरुलाई छात्रबृत्ति वितरण कार्यक्रममा क्लबलाई समेत निमन्त्रणा गर्ने रिमालले बताए । सो अवसरमा वोल्दै क्याम्पसमा अध्ययनरत छात्रा अस्मिता ठकुरीले युनाइटेड क्लव पोखराले आफुहरुको क्याम्पसमा आएर अक्षयकोष स्थापना गरी सम्पूर्ण विद्यार्थीहरुलाई पढाइ प्रति लगाव राख्न थप मदत गर्ने वताइन । क्लबका अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लबले स्थापना कालदेखी हाल सम्म आइपुग्दा एक दर्जन वढी विद्यालयहरुमा आर्थिक अभावका बावजुद पनि जेहेन्दार रुपमा पढाइ गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी अक्षयकोष स्थापना गरिसकेको वताए। क्लवले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन, सेती नदी संरक्षण र प्राकृतिक प्रकोप र विपदमा सहयोग गर्दै आइरहेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने उनको भनाइ रहेको थियो। पछिल्लो समय नेपालबाट उच्च शिक्षाको नाममा विदेशिने क्रम वढ्दै जाँदा विद्यार्थीहरुले पनि ब्यवहारिक शिक्षाका लागि पहलकदमी थाली स्वदेशमै व्यवहारिक शिक्षाको लागि सरकारलाई सचेत गराउन विद्यालय स्तरबाटै विद्यार्थीहरु लाग्नुपर्ने उनको भनाइ रहेको थियो । क्लवका पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, क्लबका कोषाध्यक्ष सुर्य बहादुर बानियाँ, क्लवका कार्यसमिति सदस्यहरु सन्तोष कार्की, जयराम आचार्य लगायतको सहभागीता रहेको कार्यक्रममा शिक्षा उपसमिति संयोजक गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन युनाइटेड क्लबका महासचिव दिनेश सुनारले गरेका थिए ।

# गण्डकीमा प्राइभेट फर्म नवीकरण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

गण्डकी प्रदेशमा साविकको घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई नवीकरणको म्याद कटेर कानुन अभावमा नवीकरण हुन नसकेका प्राइभेट फर्महरू नवीकरण र अद्यावधिकको बाटो खुलेको छ।

गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐनमा संशोधनपछि एक वर्ष वा सो भन्दा बढी अवधि व्यतित भई नवीकरण हुन नसकेका फर्मको यही असार २६ गतेदेखि नवीकरण गर्न सुरु गरिएको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका प्रवक्ता दिनेशप्रसाद आचार्यले बताउनुभयो । गण्डकीमा गत वर्ष असोज ८ गतेदेखि नवीकरणको म्याद एक वर्ष कटेका फर्महरूको नवीकरण रोकिएको थियो । यसबीचमा उद्योग तथा पर्यटन कार्यालय कास्कीमा सात सयभन्दा बढी फर्मले नवीकरणका लागि निवेदन दिएका थिए। प्राइभेट फर्म दर्ता संशोधन नियमावली, २०८१ ले जरिवाना लिएर फर्म नवीकरण गर्न सकिने व्यवस्था गरेको उद्योग तथा पर्यटन कार्यालय कास्कीका कार्यालय प्रमुख महराज ढकालले बताउनुभयो । गण्डकी सरकारले २०७८ सालमा जारी गरेको प्राइभेट फर्म दर्ता ऐनले एक वर्षभन्दा बढी म्याद गुर्जेका फर्महरूलाई नवीरणका लागि दुई वर्षको समय दिएको थियो ।

ऐनले दिएको दुई वर्षको समय २०८० असोज ८ गते सकिएपछि कानुन अभावमा नवीकरण रोकिने अवस्था आपछि प्रदेश सरकारलाई आवश्यक कानुनी व्यवस्थाका लागि अनुरोध गरिएको कार्यालय प्रमुख ढकालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उद्योगी व्यवसायीले नवीकरणका लागि ध्यान नदिँदा एक वर्ष बढी म्याद नाघेका फर्म धेरै थिए । हामीले नवीकरणका लागि आएकालाई कानुन नभएर थाँती राखेका थियौँ। अहिले प्राइभेट फर्म दर्ता ऐन संशोधन गरेर नवीकरण र नवीकरण शुल्कलाई व्यवस्थित गरेको छ । अबदेखि प्राइभेट फर्महरू नवीकरण गर्न रोकिने अवस्था भएन।" पछिल्लो संशोधन नियमावलीअनुसार अबदेखि फर्म नवीकरण गर्दा पुँजीअनुसार रु २० लाखसम्मको पुँजी छ भने प्रतिवर्ष रु दुई हजार पाँच सय र रु २० लाखमाथिका फर्मलाई रु पाँच हजार पाँच सय जरिवाना लिइने उद्योग तथा पर्यटन कार्यालयले जनाएको छ। "नवीकरण दस्तुरको एक वर्ष कटेपछि तेब्बर दस्तुर लिने व्यवस्था कानुनमा छ । हामीले दिएको नवीकरण अवधि कटेपछि जरिवाना लिने हो", कार्यालय प्रमुख ढकालले भन्नुभयो ।

सरकारले जरिवाना लिएर फर्म नवीकरणको व्यवस्थापछि अहिले उद्योग कार्यालयमा उद्योगी व्यवसायीको भीड लागेको छ । पोखरा उद्योग वाणिज्य सङ्घका महासचिव बलराम आचार्यले नवीकरण छुट भएका उद्योगी व्यवसायीको समस्या समाधान भएको बताउनुभयो । सरकारले गरेको व्यवस्थाका बारेमा सबै व्यवसायीलाई जानकारी गराइएको उहाँले जानकारी दिनुभयो। उद्योग तथा पर्यटन कार्यालय कास्कीमा २१ हजार उद्योग तथा २८ हजार वाणिज्य फर्म दर्ता रहेको कार्यालयले जनाएको छ।

# नि:शुल्क शिक्षा ऐन कार्यान्वयनको खाका यथाशीघ्र आउँछ : शिक्षामन्त्री भट्टराई

**रासस**
काठमाडौं, २ साउन

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र विद्यालय शिक्षा विधेयक, २०८० बीच सामञ्जस्य खोजेर काम गरिने जानकारी दिनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा मन्त्री भट्टराईले निःशुल्क तथा अनिवार्य शिक्षा ऐन कार्यान्वयन गर्नुपर्ने समय आएकाले सोका लागि एक महिनाभित्र खाका तयार गर्ने बताउनुभयो । नेपालको संविधानमा व्यवस्था गरिएका मौलिकहक कार्यान्वयनका क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन जारी भएको थियो। विद्यालय शिक्षा विधेयक गत भदौ २७ गते



प्रतिनिधिसभामा दर्ता भई हाल विचाराधीन अवस्थामा रहेको उहँले जानकारी दिनुभयो ।

गत असार ३१ गते मन्त्रीमा नियुक्त भएपछि पहिलो पटक विषयगत समितिको बैठकमा सहभागी हुँदै मन्त्री भट्टराईले सांसदका सुझावका आधारमा शिक्षा क्षेत्रमा पाठ्यक्रम, परीक्षालगायत विषयमा प्रणालीगत समीक्षा गरी अघि बढ्ने बताउनुभयो। उहाँले शिक्षा क्षेत्रमा रहेका समस्या समाधान गर्न संसद्सँग समन्वय र सहकार्य गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री भट्टराईले माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) मा कम विद्यार्थी उत्तीर्ण भएको विषयमा आफू गम्भीर भएको रबताउँदै अब हुने पुरक परीक्षालाई व्यवस्थित गर्न लागिपरेको जानकारी दिनुभयो । विश्वविद्यालयमा वार्षिकक्यालेण्डरकोकार्यान्वयन हुन थालेको उल्लेख गर्दै उहाँले कार्यान्वयन पक्ष प्रभावकारी र समयसापेक्ष बनाउन पहल गर्ने बताउनुभयो । बैठकमा सांसदहरूले शिक्षकलाई अधिकारका साथै कर्तव्यमा पनि सचेत गराउनुपर्ने, दरबन्दी मिलान गर्नुपर्ने, एसइईमा कम विद्यार्थी उत्तीर्ण भएको विषयमा अध्ययन गर्नुपर्ने, मातृभाषा शिक्षालाई प्राथमिकता दिनुपर्ने, शिक्षक र कर्मचारीका आन्दोलनमा उठेका विषयको सम्बोधन हुनुपर्नेलगायत सुझाव दिएका थिए ।

विद्यालय शिक्षा विधेयक, २०८० माथि आजको बैठकमा संशोधनकर्तामध्ये आठ सांसदले आ-आफ्ना संशोधन प्रस्तुत गर्नुभएको थियो । संशोधनकर्ता वासुदेव घिमिरे, अमृतलाल राजवंशी, अच्युतप्रसाद मैनाली, बिजुला रायमाझी, बिना लामा, रञ्जुकुमारी झा, प्रतिक्षा तिवारी र शान्ति श्रेष्ठले आज संशोधन प्रस्तुत गर्नुभएको थियो ।

कूल एक सय ५१ सांसदद्वारा एक हजार सात सय ८२ संशोधन हालिएको सो विधेयकमा यसअघि १८ संशोधनकर्तासँग छलफल सम्पन्न भएको थियो। समितिका सभापति अम्बारबहादुर थापाले निरन्तर छलफल गरेर विद्यालय शिक्षा विधेयकलाई यथाशीघ्र पारित गराउन प्रतिबद्ध रहेको बताउनुभयो।

# पोखराको दृष्टि आँखा अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमको शुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, २ साउन

पोखराको नयाँबजारस्थित दृष्टि आँखा अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमको शुरुवात भएको छ।


कार्यक्रमको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री बिन्दुकुमार थापा, पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, नेपाल सरकार बीमा बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बस्यौला लगायतको उपस्थितिमा शुरु गरिएको हो।



कार्यक्रममा गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बीमा सुविधा लागू भएका अस्पतालहरुमा बीमा बोर्डले प्रदान गर्ने रकम भुक्तानीमा ढिलाई हुने गरेको गुनासो पटक पटक आउने गरेकाले भुक्तानीमा ढिलासुस्ती नगर्न बीमा बोर्डसँग आग्रह गरे । साथै उनले कतिपय अस्पतालहरुमा विमा गरेका विरामीलाई भन्दा विमा नगरेका विरामीलाई प्राथमिकतामा राखेर सेवा दिने गरेको गुनासो आउने गरेकोले दृष्टि आँखा अस्पताललाई त्यस्तो गुनासोबाट टाढा राख्नुपर्ने बताए। यस्तै गण्डकीका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले दृष्टि आँखा अस्पतालले नागरिकको सेवामा कुनै कसर बाँकी नराख्न र स्वास्थ्य बीमाको कार्यान्वयन गर्न आग्रह गरे । उनले पोखरामा आखाँ अस्पताल कम भएकाले विमाबाट उपचार गर्न पालो नपाउने र घण्टौं लाईन बस्नुपर्ने समस्या दृष्टि आखाँ अस्पतालमा विमा सुविधा सुरु भएपछि केही हदसम्म निराकरण हुने बताए।

नेपालमा स्वास्थ्य विमा बोर्डले स्वास्थ्य विमा सेवा वि।सं। २०७२ सालदेखि सुरु भएको हो । स्वास्थ्य विमा बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बस्यौलाले हाल ७७ जिल्लाका ७ सय ५३ वटै पालिकामा स्वास्थ्य बिमा कार्यक्रम पुगिसेको जानकारी दिए। उनले दृष्टि आखाँ अस्पतालले गत महिना नै स्वास्थ्य विमा बोर्डसँग विमा सुविधा दिनेबारे सम्झौता गरिसहेको जानकारी दिदै स्वास्थ्य विमामा आवद्ध नागरिकहरुलाई गुणस्तरिय सेवा दिनुपर्ने बताए। स्वास्थ्य विमा शुभारम्भ कार्यक्रममा अस्पतालका अध्यक्ष शिव पोखरेलले दृष्टि आँखा अस्पतालले मानवसेवामा एउटा ईट्टा थपेको बताए । साथै उनले दृष्टि आँखा अस्पताल पुर्ण रुपमा निजी लगानीमा सञ्चालित भएपनि यसको उद्देश्य पुर्णरुपमा नाफा कमाउनु नभई सस्तो र सर्वसुलभ मुल्यमा उत्कृष्ट सेवा प्रवाह गर्नु रहेको बताए । नेपाल सरकारको स्वास्थ्य बीमा शुभारम्भ कार्यक्रमको अवसर पारेर पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा अन्तर्गत शहरी स्वास्थ्य केन्द्र ९ को आयोजना तथा दृष्टि आँखा अस्पतालको समन्वयमा निः शुल्क आँखा जाँच शिविर कार्यक्रम समेत गरिएको थियो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।

- प्रेमचन्द

## सम्पादकीय

# अख्तियारले गहिराइमा छानबिन गर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत आर्थिक वर्ष ०८०/८१ मा भ्रष्टाचारसम्बन्धी दुई सय एक मुद्दा विशेष अदालतमा दायर गरेको छ। अख्तियारले विज्ञप्ति जारी गर्दै गत आवको विवरणले भ्रष्टाचार नियन्त्रण नभएको जनाएको छ। अख्तियारले विज्ञप्ति निकालेर विशेष अदालतमा दायर दुई सय एक मुद्दाका प्रतिवादीबाट आठ अर्ब ३५ करोड १२ लाख ९८ हजार १४२ रुपैयाँ ४६ पैसा बिगो मागदाबी गरिएको उल्लेख छ। यस्तै, विशेष अदालतबाट भएका फैसलाहरूमा चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको संख्या ९२ रहेको अख्तियारको तथ्यांकमा उल्लेख छ।

आर्थिक वर्ष ०८०-८१ मा अख्तियारले दायर गरेका मुद्दामा गैरकानुनी लाभहानि ५८, घुस (रिसवत) ४८, नक्कली शैक्षिक प्रमाण-पत्र ३४, सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी ३४, राजस्व चुहावट-हिनामिना १३, गैरकानुनी सम्पत्ति आर्जन ११ र विविध तीनवटा छन्। जतातत्तै व्याप्त अस्थिरता र फैलिएको भ्रष्टाचार रोक्न जनचेतना फैलाउनु पर्दछ। यसबीच, आयोगले विभिन्न एक सय एक निर्वाचित जनप्रतिनिधिविरुद्ध मुद्दा चलाएको छ। तिनमा ८१ स्थानीय तहका तत्कालीन अध्यक्ष, उपाध्यक्ष, मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, निमित्त प्रमुख प्रशासकीय अधिकृत, प्रशासन सहायक, वडाध्यक्षलगायत छन्। केन्द्रमा हुने भ्रष्टाचार वडामा विस्तार हुनु दुर्भाग्य हो। यस्तै, दुई सय एक मुद्दामा एक हजार पाँच सय २० जनालाई प्रतिवादी बनाइएको विज्ञप्तिमा उल्लेख छ। पाँच सय २४ राष्ट्रसेवक कर्मचारी, निर्वाचित जनप्रतिनिधि एक सय एक, मनोनीत पदाधिकारी एक सय ८१, लेखापढी व्यवसायी दुई, दुई बिचौलिया, ९१ व्यवसायी र ६ सय १९ अन्य व्यक्ति छन्।

आर्थिक वर्ष ०८०/८१ मा आयोगमा विभिन्न माध्यमबाट प्राप्त २६ हजार पाँच सय २२ तथा अघिल्लो आर्थिक वर्ष ०७९/८० बाट जिम्मेवारी सरेर आएका नौ हजार दुई सय ६८ गरी कुल ३५ हजार सात सय ९० उजुरी अख्तियारमा रहेकोमा २७ हजार ३५७ उजुरी फर्स्योट गरिएको अख्तियारले जनाएको छ। दुई ठूला दल सरकारमा भएको बेला भ्रष्टाचारविरुद्ध सदनमा आवाज उठाउनु सचेत पार्नु आवश्यक छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेका मुद्दामध्ये करिब ५०% मा आरोपीले विशेष अदालतबाट सफाइ पाएका छन्। विशेषको आर्थिक वर्ष ०८०/८१ को तथ्यांकअनुसार ४९.३६ प्रतिशत मुद्दामा सफाइको फैसला भएको छ। एक वर्षमा विशेषले भ्रष्टाचारसम्बन्धी ४७४ मुद्दा फर्स्योट गरेको थियो। जसमध्ये २३४ मुद्दामा सफाइको फैसला भएको छ। त्यस्तै, १४३ मुद्दामा ठहर (३०.१६%) र ९७ मुद्दामा आंशिक ठहर (२०.४६%) को फैसला भएको छ।

सबैभन्दा धेरै असफलतादर गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दामा छ। एक वर्षमा यससम्बन्धी ३५ मुद्दाको फैसला भएकोमा आठवटा मात्र ठहर भएका छन्। त्यस्तै, अनियमिततासम्बन्धी मुद्दामा पनि अख्तियारको सफलता कम छ। अनियमिततासम्बन्धी ३०४ मुद्दा फैसला हुँदा ५६ वटा ठहर र ७० वटा आंशिक ठहर भएका छन्। नक्कली प्रमाणपत्रमा भने अख्तियारको सफलता उच्च छ। २७ मुद्दाको फैसला हुँदा २४ वटामा दोषी ठहर भएका छन्। घुस/रिसवतमा १०८ मुद्दामा ५५ मा ठहर र २६ वटामा आंशिक ठहरको फैसला भएको छ।

अख्तियारको अनुसन्धान प्रभावकारी नभएको भन्दै विशेष अदालतले यदाकदा प्रश्न उठाउने गरेको छ। विगतका वर्षमा पनि अख्तियारमाथि यस्तो आरोप लगाइरहँदा गत माघमा विशेषले अख्तियारको निष्पक्षतामाथि प्रश्न गर्दै एक सातामै दुई निर्देशनात्मक आदेश जारी गरेको थियो। सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता भएकोसम्बन्धी दुई मुद्दामा पुनः अनुसन्धान गर्न आदेश दिएको थियो। विरलै मुद्दामा मात्र अदालतले अनुसन्धानमाथि प्रश्न उठाउने गरेको छ। अख्तियारले संख्याको आधारमा भन्दा गहिरो छानबिन गरेर मुद्दा दर्ता गराएमा सफलता धेरै हुने र जनविश्वास बढ्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बेँसीसहर-चामे सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
लमजुङ, २ साउन

अवरुद्ध बेँसीसहर-चामे सडक अझै खुल्न सकेको छैन। अविरल वर्षासँगै आएको बाढीले मनाङस्थित चामे गाउँपालिका-१ स्थित तिमाङखोलाले काठेपुल तथा तिमाङ ठूलो छहराको पक्की मोटरेवल पुल गत असार १८ गते बगाएपछि आवागन रोकिन पुगेको थियो।

सो सडक अन्तर्गत सानो छहराको पुलमा ढुङ्गा र ग्रेग्र्यान थुप्रिएर क्षति पुऱ्याएको सडक कार्यालयका सूचना अधिकारी तथा इञ्जिनीयर किरण पोखरेलले बताउनुभयो। उहाँले भन्नुभयो, "क्षति पुऱ्याएको स्थानमा संरचना बन्ने तयारीमा छ, तर तत्काल बनाउँदा पानीको सतह बढ्दा बगाउने धेरै सम्भावना हुन्छ।" पानीको सतह कम भएपछि काठेपुल राखेर सवारी सञ्चालनमा ल्याउने कार्यालयले जनाएको छ।

विसं २०७८ असार महिनामा आएको बाढीले बेलिब्रिज बगाएपछि तिमाङखोलामा काठेपुल राखेर सवारी सञ्चालन हुँदै आएको थियो। त्यस्तै, दुई वर्षअघि मात्र सो स्थानमा पक्की मोटरेवल पुल निर्माण गरेर सञ्चालनमा आएको थियो। डुम्रे-बेँसीसहर-चामे योजना कार्यालयका अनुसार ठूलो छहरामा स्ल्याब कल्भर्ट पुल १९ लाख ९४ हजार तीन सय ७२ रुपैयाँ र सानो छहरामा स्ल्याब कल्भर्ट पुल एघार लाख ८५ हजार पाँच सय ३९ रुपैयाँ ५१ पैसा लगानीमा निर्माण गरिएको थियो। तत्कालीन समयमा मनाङवासीलाई बेँसीसहर हुँदै काठमाडौं, पोखरा, चितवन जानलाई र सो स्थानबाट आउनलाई समस्या भएको छ। चामे गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर घलेले सडक खुलाउन सडक विभागले प्रसास भए पनि पानीका कारण असफल भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो,"सडक अवरुद्ध हुँदा दैनिक उपभोग्य सामग्री अभाव हुँदै गएको र महँगीसमेत बढ्न थालेको छ।" यस सडकमा वर्सेनि वर्षात्का समयमा पटक-पटक सडक अवरुद्ध हुँदै आएको छ। विसं २०७८ असार १ गते आएको बाढीपहिरोले चार महिनासम्म सडक अवरुद्ध बनाएको थियो। मनाङलाई सडक सञ्जालमा जोड्ने सरकारको योजना अनुरुप विसं २०५१ बाट सडक डिभिजन कार्यालय दमौली तनहुँले सडक निर्माण गर्न सुरु गरेको थियो। नेपाली सेना कार्यागणले विसं २०६९ मा सडक निर्माण सम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरेपछि सडक सञ्चालन हुँदै आएको छ। तर वर्सेनि बर्खायाममा बाढीपहिरोले सडक अवरुद्ध बनाउँदा यात्रु तथा विषेश गरी मनाङवासी समस्यामा पर्दै आएका छन्। लामो समयसम्म सडक अवरुद्ध हुँदा हेलिकप्टरमार्फत बेँसीसहर हुँदै विभिन्न ठाउँमा जाने र सो ठाउँबाट आउने गर्दछन्। सडक अवरुद्ध हुँदा खाद्यान्न तथा लत्ताकपडासमेत लैजान समस्या हुँदा व्यवसायी मर्कामा पर्ने गरेका छन्। बेँसीसहर-चामे सडक ६५ किलोमिटर रहेको छ। लमजुङतर्फ ३५ किमी र मनाङतर्फ ३० किमी सडक रहेको छ।

# स्वास्थ्य क्षेत्रमा सुधार हुने तनहुँवासीको अपेक्षा

**पोखरापत्र संवाददाता**
तनहुँ, २ साउन

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ ढोरफिर्दी निवासी प्रदीप पौडेल स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीमा नियुक्त भएसँगै गृह जिल्ला तनहुँवासीले स्वास्थ्य क्षेत्रमा सुधार हुने अपेक्षा राखेका छन्।

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ का शङ्कर पन्तले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा रहेका समस्या समाधान गरी स्वास्थ्य क्षेत्रको सुधार तथा गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि मन्त्री पौडेलले नेतृत्व प्रदान गर्ने अपेक्षा राखेको बताउनुभयो। "गरिबीको रेखामुनी रहेका जनताको सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच हुने गरी कार्यसम्पादन गर्नेमा हामी विश्वस्त छौँ। उहाँले गर्ने कामसँग गृह जिल्लाको प्रतिष्ठा जोडिएकाले राम्रो काम गर्न नागरिक तहबाट झक्झक्याइ रहने छौँ", उहाँले भन्नुभयो।

पन्तले शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा सङ्घीय सरकारको मातहत रहेको जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रजस्ता अस्पताल व्यवस्थित गर्न मन्त्री पौडलेबाट महत्वपूर्ण भूमिका अपेक्षा गरिएको सुनाउनुभयो। तनहुँको भिमाद नगरपालिका-५ निवासी मिलन आले स्वास्थ्य क्षेत्रको जटिलता र बेथिति हटाउँदै नागरिकको हितमा काम गर्न उहाँको ध्यान केन्द्रित हुनुपर्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "अवसर सधैँ आउँदैन, उहाँले देशको स्वास्थ्य क्षेत्र सुधार्ने जिम्मेवारी पाउनुभएको छ, यो हामी जिल्लावासीका लागि खुसीको कुरो हो। अब उहाँले स्वास्थ्य क्षेत्र सुधारका लागि उत्कृष्ट काम गर्नुहुनेछ भन्ने आशा गरेका छौँ।"

म्याग्दे गाउँपालिका-४ मनहरीका गौरवराज रानाले जन्मथलोको उत्तरदायित्व, निर्वाचन क्षेत्रको कर्तव्यलाई सधैँ उच्च स्थानमा राखेर संवेदशील जिम्मेवारी कुशलतापूर्व बहन गर्न आग्रह गर्नुभयो। उहाँले गृह जिल्लाका अस्पतालको स्तरोन्नति गरी पछिसम्म पनि नागरिकले सम्झिने गरी काम गर्न मन्त्री पौडेललाई सुझाव दिनुभयो। शुक्लागण्डकी नगरपालिका-८ ढोरफिर्दीका कृष्णप्रसाद रेग्मीले प्राप्त अवसरको सदुपयोग गर्न र कार्यकाल सफल बनाउन स्वास्थ्यमन्त्री पौडेल खरो रूपमा उत्रिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले उहाँलाई नजिकबाट चिनेका छौँ, अनवरत सङ्घर्ष, सङ्गठनप्रतिको लगाव र जुझारुपन उहाँ विशेषता हुन्। अब त्यही लगाब, ऊर्जा र जुझारुपन देशको स्वास्थ्य क्षेत्रमा सुधारमा प्रयोग गर्नुपर्छ।"

स्वास्थ्यमन्त्री पौडेलको जन्म विसं २०३१ चैत १४ गते बुवा डिल्लीरमण पौडेल र आमा दुर्गादेवीको कोखबाट भएको थियो। नेपाल विद्यार्थी सङ्घमा आबद्ध हुँदै विसं २०४६ सालको जनआन्दोलनमा सक्रिय उहाँ विसं २०५३ मा अमृत साइन्स क्याम्पसको स्ववियु सभापतिसमेत निर्वाचित हुनुभएको थियो। लामो समय शैक्षिक परिवर्तनको पक्षमा रही विद्यार्थी आन्दोलनको नेतृत्व गर्दै उहाँ विसं २०६४ मा नेपाल विद्यार्थी सङ्घको केन्द्रीय सभापति हुनुभयो। समाजशास्त्रमा स्नातकोत्तर पौडेल हाल नेपाली कांग्रेसको केन्द्रीय सदस्यसमेत हुनुहुन्छ। उहाँ २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा काठमाडौं क्षेत्र नं ५ बाट निर्वाचित हुनुभएको हो।

# कालीगण्डकीमा स्नान गर्नेको घुइँचो

**पोखरापत्र संवाददाता**
पर्वत, २ साउन



हिन्दुहरुको पबित्र पर्व हरिशयनी एकादशीको दिन आज घर घरमा तुलसीको बिरुवा रोपेर चतुर्मास व्रत थालनी गरिँदैछ। आजैदेखि चर्तुमास पर्व पनि शुरु हुँदैछ।

महत्वपुर्ण पर्व हरिशयनी एकादशीका अबसरमा पवित्र कालीगण्डकी नदिमा स्नान गर्नेको बुधबार बिहानैदेखि घुइँचो लागेको छ। पर्वतको प्रसिद्ध धार्मिक तीर्थस्थल मोदीवेणी, सेतीबेणीधाम, पुर्तिघाट, गोपाङ, नयाँपुल, खनियाघाट, मिलनचोक, वारीबेनी लगायतका नदि तटमा बिहानैदेखि स्नान गर्नेको घुइँचो लागेको छ। मोदी र कालीगण्डकी नदीको संगमको रुपमा रहेको मोदीबेणीधाममा भजन कृतनसहित विशेष कार्यक्रम समेत राखिएको छ।

त्यस्तै पर्वत, स्याङ्जा र गुल्मी तथा गण्डकी र लुम्बिनी प्रदेशको सिमानामा रहेको विश्वकै ठूलो शालिग्राम शिला रहेको सेतीबेणीमा पनि स्नान गर्न टाढा टाढाबाट श्रद्धालुहरु आइपुगेका छन। मोदीवेणीमा स्नान गर्नका लागि पर्वत, बागलुङ्ग,, स्याङ्गजा र कास्कीबाट हजारौको संख्यामा श्रद्धालुहरु आउने गर्दछन भने सेतीबेणीमा पनि बागलुङ्ग, पर्वत, पाल्पा, अर्घाखाँची, स्याङ्गजा र गुल्मीबाट श्रद्धालुहरु आएका छन्। मुक्तिनाथबाट बगेर आएको र साक्षात बिष्णुको अबतारको रुपमा पुजिँदै आएको शालिग्राम पाइने एक मात्र नदी भएकाले कालीगण्डकीमा स्नान गरी मोदीबेणी परिसरमा रहेको नृसिंह मन्दिरमा पुजा गरेमा मोक्ष प्राप्त हुने धार्मिक विश्वास छ। कालीगण्डकीमा स्नान गरेमा एक हजार गाई दान गरे बराबरको पुण्य मिल्ने भक्तजनको भनाई छ। हरिशयनी एकादशीको अबसरमा मोदीबेणी र सेतीवेणीमा भजन कृर्तन समेत आयोजना गरिएको छ। आजैका दिन कालीगण्डकीमा स्नान गरेर फर्केपछि घर घरमा रहेका तुलसीको मठमा तुलसी रोप्ने चलन छ। तुलसीको बिरुवालाई धार्मिक तथा स्वास्थ्यको दृष्टिकोणले निकै महत्वपुर्ण मानिन्छ।

# एक सय ३२ केभी बुर्तिबाङ 'सवस्टेशन' अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
बागलुङ, २ साउन

बागलुङको बडिगाड गाउँपालिका-५ग्वालीचौरका स्थानीयको अवरोधका कारण १३२ केभी बुर्तिबाङ सवस्टेशन अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। स्थानीयले केन्द्रीय प्रशारण लाइनको टावर निर्माण गर्न नदिँदा सञ्चालनमा आउन नसकेको हो। गत असार पहिलो सातानै सञ्चालनमा ल्याउने गरी आयोजना कार्यालयले काम गरेको थियो।

पाँच वर्ष अगाडि निर्माण सुरु भएको बुर्तिबाङ सवस्टेशन हालसम्म ९२ प्रतिशत काम सकिएको आयोजना कार्यालयले जनाएको छ। बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको थियो। गत असार ९ गते सर्वोच्चले रिटनै खारेज गरिदिएपछि पुनः काम सुरु गर्ने आयोजना प्रमुख मनोज चौधरीले जानकारी दिनुभयो। कपिलवस्तुको मोतिपुरदेखि सुरु भएर अर्घाखाँचीको सन्धिखर्क गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सवस्टेशन विसं २०७८ सालदेखि निर्माण सुरु भएको थियो। ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सवस्टेशनको निर्माण भएको छ। विसं २०७६ मा ठेक्का प्रक्रिया अगाडि बढाए पनि दुईपछि मात्रै काम सुरु भएको थियो। मोतिपुरदेखि सन्धिखर्कसम्मको लाइन विसं २०७८ चैत १२ गते परीक्षण गरी सुचारु गरिएको भन्दै गुल्मीको तम्घासको सवस्टेशन असार ७ गतेदेखि सञ्चालनमा आएको प्रमुख चौधरीले जानकारी दिनुभयो।

सर्वोच्चले रिट खारेजपछि अब काम तीव्र गतिमा हुने उहाँको भनाइ छ। गुल्मीको पौँदीअमराई र बागलुङको बुर्तिबाङक सवस्टेशन एकै पटक सञ्चालन गरिने उहाँ बताउनुहुन्छ। उहाँका अनुसार पौँदीअमराईदेखि बुर्तिबाङसम्मको १४ किलोमिटरको दूरीमा ४१ वटा टावर निर्माण गर्नुपर्ने भन्दै हालसम्म २६ वटा निर्माण भइसकेको र अझै १५ वटा निर्माण गर्ने बाँकी रहेका छन्। पन्ध्र वटा टावरसँगै लाइनसमेत तान्न बाँकी रहेको आयोजना प्रमुख चौधरीको भनाइ छ।

"काममा कुनै बाधा नभएको हुन्थ्यो भने यति बेला १३२ केभी बुर्तिबाङ सवस्टेशन सञ्चालनमा आउने थियो, हाम्रो लक्ष्य असारमै सक्नुपर्ने थियो, तर विभिन्न बाध्यात्मक परिस्थितिले गर्दा ढिला भयो" उहाँले भन्नुभयो, "अब छिट्टै कामलाई गति दिएर सक्छौँ, स्थानीयलाई मुअब्जा दिने काम पनि भइरहेको छ, विद्युत् प्राधिकरण केन्द्रबाटै छिटो काम सक्नका लागि प्रेसर छ, छिट्टैनै काम सक्छौँ र सञ्चालनमा ल्याउँछौँ।" सवस्टेशन निर्माणका लागि पाँच वर्ष अगाडि ठेक्का प्रक्रिया गरी ४० करोडमा निर्माण जिम्मा लिएको थियो भने लाइन विस्तारका लागि करिब रु ८३ करोडको लागतमा निर्माण कम्पनीलाई जिम्मा दिइएको थियो। कपिलवस्तुदेखि बुर्तिबाङ ८६ किलोमिटर दरुरी रहेको छ। यहाँ डबल सर्किटको तार विस्तार हुने छ। बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले आयोजना सम्पन्न गर्नका लागि आफूहरूले सहज वातावरण तयार गर्नका लागि भूमिका खेलेको बताउनुभयो।

आयोजनाले टावर निर्माण गर्दा प्रयोग हुने जग्गाको धनीलाई उचित मुअब्जा दिनका लागि आग्रह गरेको उहाँको भनाइ छ। सदरमुकाम बागलुङ बजारका आसपासमा केही वर्ष अगाडिनै केन्द्रीय प्रशारण लाइनले जोडिए पनि पश्चिम बागलुङ भने जोडिन सकेको थिएन।

अघिल्लो तीन वर्ष अगाडिदेखि विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले पश्चिम क्षेत्रलाई प्राथमिकता दिएर लाइन विस्तार गर्दै आएको छ। अहिलेसम्म निसीखोला र तमानखोला केन्द्रीय लाइनले जोडिन सकेका छैनन्। यद्यपि प्राधिकरणलेनिसीखोला,तमानखोला र ढोरपाटन नगरपालिकाको गाउँ-गाउँसम्म अहिले विद्युतीय पोल गाड्ने र तार तान्ने काम भने गरिरहेको छ।

# कृषिमा यान्त्रिकीकरण गर्न अनुदानमा कृषि औजार

**पोखरापत्र संवाददाता**
गोरखा, २ साउन

यहाँको भीमसेन थापा गाउँपालिकाले कृषिमा यान्त्रिकीकरण गर्न अनुदानमा कृषि औजार वितरण गरेको छ। पालिकाभित्रका प्रत्येक वडाको एउटा कृषि सहकारी छनोट गरी कृषि औजार वितरण गरिएको गाउँपालिकाका अध्यक्ष लोकप्रसाद वञ्जराले जानकारी दिनुभयो।

किसानलाई प्रोत्साहितगर्दै कृषिपेशालाई यान्त्रिकीकरणमा जोड दिने उद्देश्यले शतप्रतिशत अनुदानमा कृषि औजार वितरण गरिएको उहाँले बताउनुभयो। पालिकाले रु २७ लाख १५ हजार बराबरको कृषि औजार खरिद गरी वितरण गरेको गाउँपालिका कृषि शाखा प्रमुख विनोद भन्तनाले जानकारी दिनुभयो।

गाउँपालिकाले बीउ रोप्ने उपकरण सात थान, थ्रेसर, चाप कटर, पानी तान्ने पम्प एक/एक थान वितरण गरेको हो।

स्प्रे पम्प तीन थान, हाते ट्याक्टर चार थान, घाँस काट्ने मेसिन दुई थान र मकै छोडाउने मेसिन एउटा वडामा पाँच थानको दरले वितरण गरिएको गाउँपालिकाले जनाएको छ। वितरण गरिएका कृषि औजार सहकारीमार्फत न्यून शुल्क तिरेर किसानले प्रयोग गर्न पाउनेछन्। "कृषि उपकरणको अभावमा कृषिमा लागत बढी र उत्पादन कम हुने अवस्था छ," कृषि शाखाका प्रमुख भन्तनाले भन्नुभयो, "अब कृषिलाई आधुनिकीकरण गर्दै उत्पादन बढाउन प्रविधिको प्रयोगमा जोड दिने गाउँपालिकाको योजना छ।" गाउँमा खेतीयोग्य जमिन बाँझो हुँदै गएकाले कृषिलाई प्रविधिमैत्री बनाउन सके कम लगानीमा बढी उत्पादन गर्न सकिने उहाँको भनाइ छ। "परम्परागत खेती प्रणालीले कृषि उत्पादन वृद्धि गर्न सकिदैन,' उहाँले भन्नुभयो, "उत्पादन बढाउन कृषिमा यान्त्रिकीकरण गर्नु अनिवार्य छ।"

# बारपाकमा पर्यटक भुलाउने प्रमुख गन्तव्य बन्दै 'बुद्ध पार्क'

**पोखरापत्र संवाददाता**
गोरखा, २ साउन

बारपाक सुलिकोट गाउँपालिका-१ स्थित ताक्लेनान डाँडामा रहेको 'बुद्ध पार्क' अहिले बारपाक पुग्ने पर्यटकलाई आकर्षित गर्ने प्रमुख गन्तव्य बन्दै गएको छ।

बारपाकको परम्परा, इतिहास, कला र संस्कृति झल्कने गरी निर्माण गरिएको 'बुद्ध पार्क' पुगेपछि पर्यटक तस्बिर खिचाउन मात्र होइन सिङ्गो बारपाकको दृश्यावलोकनका लागि घण्टौंसम्म त्यहाँ भुल्ने गरेका छन्। "पार्कमा रहेको सुन्दर र आकर्षक चित्राकृतिले पनि पर्यटकलाई लोभ्याउने गरेको छ", स्थानीय मनबहादुर घलेले भन्नुभयो, "बारपाक आएका पर्यटक बुद्ध पार्क नपुगी शायदै कोही फर्कंदैनन् होला।" बुद्ध पार्कले बारपाकमा पर्यटकको आकर्षण थपिएको उहाँको भनाइ छ। "बारपाक आफैँमा प्राकृतिक हिसाबले पनि सुन्दर गाउँ हो," उहाँले भन्नुभयो, "यहाँको आफ्नै कला, संस्कृति र विशेषता छ, त्यसमाथि ताक्लेनान डाँडामा बनेको बुद्ध पार्कले बारपाकीको संस्कृतिलाई थप उजागर गरिदिएको छ।"




बारपाक आउने पर्यटक बुद्ध पार्कमा घण्टौंसम्म बसेर रमाउने गरेको घलेले बताउनुभयो। बारपाकको सिङ्गो दृश्य देख्न सकिने स्थानमा निर्माण गरिएको बुद्ध पार्कमा करिब पाँच फिट अग्लो बुद्धको मूर्ति आकर्षक ढङ्गले राखिएको छ। त्यस्तै, पार्कमा बौद्ध धर्म, संस्कृति झल्कने खालका मानीलगायत सामग्री पनि रहेको गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले बताउनुभयो। "पार्कमा पुग्ने पर्यटकले बारपाकको मनोरम दृश्यावलोकनसँगै बारपाकीहरूको संस्कृतिलाई राम्रोसँग बुझ्न र अध्ययन गर्ने अवसर समेत प्राप्त गर्छन्", उहाँले भन्नुभयो, "त्यसैले पनि बुद्ध पार्क बारपाक पुग्ने पर्यटकको रोजाइको केन्द्र बन्दै गएको छ।"

बुद्ध पार्क ढुङ्गैढुङ्गाको कलात्मक सजावटबाट निर्माण गरिएको पार्क हो। "यो पार्क बारपाकभित्रै अर्को पर्यटकीय गन्तव्य पनि बनेको छ," उहाँले भन्नुभयो, "प्राकृतिक स्वरुप झल्किएको यस पार्कको थप प्रचारप्रसार गर्नसके बारपाकमा अझै धेरै पर्यटक भित्र्याउन सकिन्छ भन्ने हाम्रो विश्वास छ।" दोस्रो विश्वयुद्धमा भिक्टोरिया क्रसको उपाधि प्राप्त गर्नुभएका बिरगजे घलेको गाउँ बारपाक विसं २०७२ वैशाख १२ गते गएको गोरखा भूकम्पको केन्द्र विन्दु पनि हो।

# लमजुङबासीद्वारा मन्त्री गुरुङको सफल कार्यकालको कामना

**पोखरापत्र संवाददाता**
लमजुङ, २ साउन

यहाँको क्व्होलासोथर गाउँपालिका-९ गिलुङ निवासी पृथ्वीसुब्बा गुरुङले सञ्चार तथा सूचना प्रविधिमन्त्रीको जिम्मेवारी सम्हालेपछि जिल्लावासी हर्षित बनेका छन्। उनीहरूले मन्त्री गुरुङको सफल कार्यकालको कामना गरेका छन्।

सङ्घीयता कार्यान्वयनसँगै उहाँ २०७४ फागुन ४ देखि २०७८ जेठ २७ गतेसम्म गण्डकी प्रदेशको मुख्यमन्त्री हुनुभएको थियो। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव गुरुङ १७ वर्षपछि पुनः सङ्घीय सरकारको महत्वपूर्ण जिम्मेवारीमा पुग्नुभएको छ। उहाँले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा २०६४ चैत १८ देखि २०६५ साउनसम्म संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको जिम्मेवारी निर्वाह गर्नुभएको थियो। उहाँ विसं २०७४ को प्रदेशसभा सदस्य निर्वाचनमा लमजुङ प्रदेश (ख) बाट निर्वाचित हुनुभएको थियो। सो अघि विसं २०७० को प्रतिनिधिसभा निर्वाचनमा भने पराजित हुनुभएको थियो। प्रतिनिधिसभा निर्वाचन २०७९ मा तत्कालीन नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) लगायत राजनीतिक दलको गठबन्धनका उम्मेदवार देवप्रसाद गुरुङलाई तीन हजार एक सय ८८ मत अन्तरले हराएर निर्वाचित हुनुभएका उहाँ २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा लमजुङ क्षेत्र नं २ बाट १९ हजार पाँचसय दुई मतकासाथ विजयी हुनुभएको थियो। पिता गङ्गाप्रसाद र माता चिनी गुरुङका कोखबाट २०१४ फागुन १ गते लमजुङमा जन्मनुभएका पृथ्वीसुब्बा २०३४ देखि राजनीतिमा क्रियाशील हुनुहुन्छ। काठमाडौँस्थित अमृत साइन्स क्याम्पसबाट २०३४ सालमा स्नातकोपाधि हासिल गरेपछि आफ्नै गाउँ गिलुङमा रहेको हालको बुद्धोदय माध्यमिक विद्यालयमा उहाँले सात वर्ष प्रधानाध्यापकका रूपमा शैक्षिक उन्नयनका निम्ति सेवा गर्नुभएको थियो।

विसं २०४८ फागुन ९-१० को प्रथम जिल्ला अधिवेशनबाट एमाले जिल्ला कमिटी सचिवमा निर्वाचित हुँदै विसं २०५४ माघ ९-१४ मा नेपालगञ्जमा सम्पन्न पार्टीको छैटौँ महाधिवेशनबाट एमाले केन्द्रीय कमिटीको वैकल्पिक सदस्यमा निर्वाचित हुनुभयो। विसं २०५४ देखि २०५९ सम्म गण्डकी अञ्चल समन्वय कमिटीको सचिव भई जिम्मेवारी समाल्नु भएका गुरुङले विसं २०६० मा एमाले केन्द्रीय कमिटी सदस्यमा मनोनीत हुनुभयो। त्यस्तै, २०६१ देखि २०७० सम्म केन्द्रीय जातीय मामिला विभाग प्रमुखको जिम्मेवारी प्राप्त गर्नुभयो भने २०६१ देखि २०७० सम्म आदिवासी-जनजाति विभाग इञ्चार्जका रूपमा काम गर्नुभयो। विसं २०६५ मा बुटवलमा सम्पन्न आठौँ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटी सदस्यमा निर्वाचित तथा २०६५ मा पार्टी पोलिटब्यूरो सदस्यमा निर्वाचित भयो। विसं २०६९ देखि २०७१ सम्म केन्द्रीय कार्यालयको सचिवको जिम्मेवारीमा समेत रहनुभयो। विसं २०७१ मा सम्पन्न पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटीको सचिवमा निर्वाचित तथा विसं २०७२ देखि पार्टीको केन्द्रीय सङ्गठन विभाग प्रमुखको जिम्मेवारीमा समाल्दै विसं २०७५ नेकपाकालमा स्थायी कमिटी सदस्य नेकपा गण्डकी प्रदेश इन्चार्ज तथा २०७८ मङ्सिर १०-१४ मा सम्पन्न पार्टीको दशौं महाधिवेशनबाट उपमहासचिवमा निर्वाचित हुनुभयो। उहाँले पार्टीको प्रचार विभाग प्रमुखको जिम्मेवारी समेत निर्वाह गरिसक्नु भएको छ। आफ्नो जीवनको करिब पाँच दशक राष्ट्र र जनताको सेवामा समर्पण गर्नुभएका मन्त्री गुरुङ सङ्घीयता, आदिवासी जनजाति आन्दोलन र जनताको बहुदलीय जनवादको प्रखर वक्ताका रूपमा परिचित हुनुहुन्छ।

# कोरला नाकामा एकीकृत भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ साउन

गत कात्तिकदेखि पुनः सञ्चालनमा आएको कोरला नाकामा भौतिक संरचना तथा उद्धार केन्द्र निर्माण गरिएको छ।

गण्डकी प्रदेश, पूर्वाधार विकास कार्यालय मुस्ताङमार्फत सुरक्षा निकायका लागि आवश्यक भौतिक संरचना तथा उद्धार केन्द्रका लागिरु ४० लाख २५ हजारको लागतमा एकीकृत भवन निर्माण गरिएको हो। सीमा क्षेत्रमा सुरक्षा र राजस्व सङ्कलन गर्नका लागि भन्सार कार्यालय सञ्चालन गर्नेगरी प्रि-फाइप प्रविधिको छ कोठे एकतले भवन निर्माण गरिएको पूर्वाधार विकास कार्यालय मुस्ताङका सव-इञ्जिनीयर कमल पहारीले जानकारी दिनुभयो।

कोरला नाकाको नेपालतर्फ एउटा पनि भवन नहुँदा भन्सारका कर्मचारी, सुरक्षाकर्मी, व्यापारी र पर्यटकलाई आवतजावतमा निकै समस्या हुने गरेको थियो।

# म्याग्दीमा ७४ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ साउन

म्याग्दी जिल्लामा एक वर्षको अवधिमा ७४ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ। खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय म्याग्दीले गत आर्थिक वर्ष २०८०/८१ मा निर्माण गरेको आयोजनामार्फत सिँचाइ सुविधा विस्तार भएको हो।

कार्यालयका प्रमुख झलकमोहन ओझाले ३४ वटा योजनामार्फत ७४ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको बताउनुभयो। "म्याग्दीको खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको पहुँच बढ्दै गएको छ," उहाँले भन्नुभयो, "सिँचाइ सुविधा भएपछि आकाशे पानीका भरमा खेती गर्नुपर्ने किसानको समस्या हटेको छ।" कार्यालयका सव इञ्जिनीयर अञ्जन खत्रीले गत आर्थिक वर्षमा आठ हजार नौ सय४४ मिटर पक्की नहर निर्माण र एघार हजार ४७ मिटर पाइपलाइन जडान भएको जानकारी दिनुभयो। ती योजनाबाट नौ हजार सात सय ४९ जना किसान लाभान्वित भएका उहाँले बताउनुभयो। धवलागिरि गाउँपालिका-७ को हिलापोखरी सिँचाइ आयोजनाको उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेलले पक्की नहर बनेपछि बारी बनाएर कोदो रोप्न थालिएको खेतलाई यसपाली किसानले धान रोपाइँ गरेको बताउनुभयो।

गण्डकी प्रदेश सरकारले गत आर्थिक वर्षमा विनियोजन गरेको रु १५ लाख बजेटबाट हिलापोखरीमा पाँच सय ६५ पक्की नहरसहितको सिँचाइ आयोजना निर्माण भएको थियो। गत आर्थिक वर्षमा कुल रु १६ करोड १४ लाख २५ हजार पुँजीगत बजेट भएको खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय म्याग्दीले ९२ प्रतिशत अथवा रु १४ करोड ८२ लाख ८३ हजार खर्च गरेको जनाएको छ।

कृषि ज्ञान केन्द्र म्याग्दीको गत आर्थिक वर्षको तथ्याङ्क अनुसार कूल ३० हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन रहेकोमा १९ हजार चार सय १९ अथवा ६३ प्रतिशतमा खेती भएको छ। कूल ११ हजार तीन सय ५४ हेक्टर अथवा ३७ प्रतिशत जमिन बाँझो छ।

खेती भएकोमध्ये ३० दशमलव ८४ प्रतिशत अथवा छ हजार १३ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। एक हजार छ सय १३ हेक्टरमा बाह्रैमहिना र चार हजार तीन सय ३३ हेक्टरमा मौसमी सिँचाइ सुविधा छ। खेती भएकोमध्ये ६९ दशमलव १६ प्रतिशत अथवा १३ हजार चार सय ८५ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छैन।

# तनहुँको भादगाउँमा एक सातादेखि खानेपानी आपूर्ति बन्द

**पोखरापत्र संवाददाता**
तनहुँ, २ साउन

जिल्लाको व्यास नगरपालिका-१ स्थित भादगाउँमा खिरखाँदी मुहानबाट ल्याइएको खानेपानीको पाइप बाढीपहिरोले बगाएपछि एक सातादेखि खानेपानी आपूर्ति बन्द भएको छ।

खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले चौध किलोमिटर दूरीमा रहेको व्यास-१३ खिरखाँदी मुहानबाट ल्याइएको खानेपानीको पाइप बाढीपहिराले बगाएपछि पानी आपूर्ति बन्द भएको हो। असारको अन्तिम सातादेखिको अविरल वर्षाका कारण गएको बाढीपहिरोले खानेपानीको पाइपमा क्षति पुऱ्याएपछि नियमित पानी वितरण रोकिएको समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार खानेपानीको मुहानसम्म जाने बाटो पहिरोले बगाएपछि मर्मत गर्न ढिलाइ भएको हो।

"संस्थाका चार र बाहिरबाट नौजना मिलेर पाइन मर्मतसम्भारको काम गर्दै आइरहेका छन्। कतिपय स्थानमा पाइप बाढीपहिराले पूरै पुरिएका छन्", व्यवस्थापक श्रेष्ठले भन्नुभयो, "सम्भव भएसम्म पुरिएका पाइप खोजी पुनः प्रयोग गर्ने र क्षति भएका पाइपमा नयाँ जडान गर्ने काम भइरहेको छ।"

डाँडा माथिबाट खसेको पहिरोले कतिपय पाइप सेतीनदी किनारसम्म बगाएको बताउँदै श्रेष्ठले जिआई र एचडिपी गरी करिब ५० मिटर पाइपमा क्षति पुगेको जानकारी दिनुभयो। नियमित पानी आपूर्ति गर्न मर्मत गर्नाका साथै कतिपय स्थानमा नयाँ पाइप जडान भइरहेको उहाँले बताउनुभयो। लामो दूरी, भौगोलिक विकटता, जनशक्ति अभाव, प्रतिकूल मौसमलगायत कारणले काम गर्न कठिनाइ हुँदा केही समय लागेको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले जनाएको छ। सानाठूला गरी चार आयोजनाबाट पानी सङ्कलन गरी व्यास-१ र १२ का दुई हजार छ सय ८० घरमा खानेपानी आपूर्ति गर्दै आइरहेको थियो।

खिरखाँदी मुहानको पानीको क्षमता प्रतिसेकेन्ड नौ लिटर रहेकामा पहिरोले अवरुद्ध भएपछि पानी वितरणमा समस्या भइरहेको समितिका अध्यक्ष चिजबहादुर दरैले जानकारी दिनुभयो। "छाब्दी मुहान, छाब्दी खोलाका दुई बोरिङ र धुपखोला मुहानका पानी प्रयोग गर्दा प्रतिसेकेन्ड १५ लिटर सङ्कलन हुँदै आएको थियो। अहिले पानी सङ्कलनमा समस्या भएपछि वितरण बन्द भएको हो", उहाँले भन्नुभयो।

यसअघि बिहान र बेलुका दुई/दुई घण्टा पानी वितरण हुँदै आएकामा पानीको स्रोत घटेकाले समय पनि घटाइएको अध्यक्ष दरैले बताउनुभयो। "खिरखाँदी मुहानको पानी नियमित सङ्कलन नहुँदासम्म आपूर्तिमा सहज हुने देखिएको छैन", उहाँले भन्नुभयो। उक्त मुहानको पानी पूर्ण रूपमा सञ्चालनमा ल्याउन केही समय लाग्ने देखिएकाले फारो गरेर पानी प्रयोग गर्न खानेपानी उपभोक्ता समितिले सबैलाई अनुरोध गरेको छ।


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## फेदीखोला, स्याङ्जा
## गण्डकी प्रदेश, नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/०३**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (२), सोही दफाको उपदफा (२) घ (११) र दफा ६२ को उपदफा (२) (घ) अनुसार यस गाउँपालिकाबाट आ.व. २०८१/८२ को लागी निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको न्यूनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ। मिति २०८१/०४/१७ गतेको कार्यालय समयभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिई तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन्। मिति २०८१/०४/१८ गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन्। यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको वेवसाइट phedikholamun.gov.np मा हेर्नुहुन वा यस कार्यालयको राजश्व उपशाखामा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ।**

**तपसिल**

| क्र. सं. | सूचना नं. ०१/०८१/८२ /पी.आर.एम.को ठेक्का नं. | सडकको नाम/ नाका | न्यूनतम कबोल अंक रु. (मु.अ.क.सहित) | दरभाउपत्र फाराम दस्तुर रु. | बीड बण्ड/ धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत संभार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) उठाउने कार्य : | | | | | | |
| १ | PRM–RT–SQ–01–081–82 | कुभिण्डे मट्खिान नुवाकोट पौवैगौंडे सडकको कुभिण्डे नाका | १,४०,०००/- | १,०००/- | दरभाउपत्र दाताले आँफुले कबोल गरेको मु.अ.क. सहितको कुल कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी बापत राख्नुपर्नेछ। | |
| २ | PRM–RT–SQ–02–081–82 | खड्केटारी वाँगे पञ्चासे दोबिल्ला सडकको खड्केटारी नाका | ४,००,०००/- | १,०००/- | | |
| ३ | PRM–RT–SQ–03–081–82 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडकको फेदिखोला चौकी नाका | २५,०००/- | १,०००/- | | |
| ४ | PRM–RT–SQ–04–081–82 | कुभिण्डे डाँडागाउँ रामकोट कटुजेस्वाँरा सडकको कुभिण्डे नाका | २०,०००/- | १,०००/- | | |
| ५ | PRM–RT–SQ–05–081–82 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडकको सर्केटारी नाका | २०,०००/- | १,०००/- | | |
| ६ | PRM–RT–SQ–06–081–82 | पर्सेभाटी टोड्के सडकको पर्सेभाटी नाका | २०,०००/- | १,०००/- | | |
| ७ | PRM–RT–SQ–07–081–82 | सर्केटारी आरुखर्क गलेम पञ्चासे सडकको सर्केटारी नाका | १,७१,०००/- | १,०००/- | | |
| ८ | PRM–RT–SQ–08–081–82 | कुखुरेखोला चनौटे भाटखोला र फेदीखोला स्थानचौर चनौटे पुलको मुख सडकको फेदिखोला र कुखुरेखोला नाका | ३४,०००/- | १,०००/- | | |
| ९ | PRM–RT–SQ–09–081–82 | फेदीखोला कर्मीडाँडा मट्खिान सडकको माथिल्लो फेदिखोला नाका | २०,०००/- | १,०००/- | | |